## मिति २०७७ बैशाख ०३ गतेको वीरेन्द्रनगर नगरकार्यपालिकाको बैठकका निर्णयहरु

१.हाल सम्म नगरपालिकाबाट राहत वितरणको अवस्था बारे आजको बैठकमा व्यापक समिक्षा गरियो । वडामार्फत राहत वितरण गर्दा हाल सम्म देखिएका समस्याहरुलाई क्रमश: समाधान गर्दै जाने र आगामी दिनमा यस नगरपालिकाबाट हुने राहत वितरण कार्यलाई थप व्यवस्थित गर्न देहाय अनुसार गर्ने :

- कार्यपालिकाको निर्णयानुसार हालसम्म हरेक वडाबाट नगरक्षेत्रका स्थायी बासिन्दाको लागि पहिलो चरणमा वितरण गरिएको राहतको नामनामेसी सहितको विवरण, प्रतिवेदन र बिल भर्पाइ बैशाख ४ गते सम्ममा कार्यालयमा पठाउने ।

- पहिलो चरणको राहत वितरणमा हाल सम्म कुनै वडामा मापदण्ड बमोजिमका कुनै परिवार छुटेर लकडाउनको कारणले भोकै बस्नुपर्ने परिवारलाई राहत दिनुपर्ने भएमा छुट परिवारको नामनामेसी सहितको विवरण वडा समितिको निर्णय सहित बैशाख ४ गते दिनको १२ बजे सम्म नगरकार्यपालिकाको कार्यालयमा इमेल वा छिटो साधन मार्फत माग पेश गर्ने ।

- नगरपालिकाको विभिन्न मितिका निर्णयानुसार हाल वितरण गरिएको विधि र सबै राहत वितरणको प्रक्रिया बैशाख ७ गते भित्रमा सम्पन्न गर्ने । वितरित परिवारको नाम नामेसी सहितको विवरण वडा कार्यालयमा सुचना टाँस गरी सो को एक प्रति नगरपालिकाका पठाउने ।

- बैशाख ७ गते पश्चात पनि कुनै परिवारलाई राहत वितरण नगरि नहुने अवस्था आई वडा कार्यालय वा नगरपालिकामा सुचना आएमा नगरपालिकाको मापदण्ड अनुसार पर्ने नपर्ने विषय वडाबाट जनप्रतिनिधि सहितको टोली निजको बासस्थानमा गई एकिन गरि व्यक्ति र परिचय खुल्ने कागजातको फोटो अभिलेख गरी निर्धारित सहि छाप सहित अर्डर स्लीप उपलब्ध गराउने, त्यस्तो अर्डर स्लिप लिएर लाभग्राहीलाई नगरपालिकाको कार्यालय वा अन्य उपयुक्त स्थानबाट सामाजिक दुरी कायम गरी वितरण गर्ने । यसरी वितरण गर्दा सामग्रीको हकमा हाल प्रदेश सरकारबाट प्राप्त ५६९ प्याकेट खाद्यान्न वितरण गर्ने र सो बाट नपुग हुने भएमा नगरपालिकाले पुन: खरिद गरी पोका तयार गरेर वितरण गर्ने ।

२. वीरेन्द्रनगर नगरपालिकामा सञ्चालित क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा प्रदेश सरकार आन्तरीक मामिला तथा कानुन मन्त्रालयको मिति २०७६।१२।२८,च.नं.५७१ को पत्रबाट प्राप्त पत्रबारे बैठकमा जानकारी गरियो । सो विषयमा संघीय सरकारको मापदण्ड बमोजिम नै व्यवस्थापन गर्न मापदण्डमा उल्लेख भएका सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,साथै यसरी समन्वयमा सो क्वारेन्टाईन व्यवस्थापन हुन नसकेमा नगर क्षेत्र भित्रका अबका दिनमा बाहिरबाट आउने व्यक्तिहरुलाई राख्ने गरी ६० बेडको क्वारेन्टाइन सार्वजनिक विद्यालयमा व्यवस्थापन गर्ने र सोका लागि सुरक्षा व्यवस्थाको लागि जिल्ला सुरक्षा समितिमा समन्वय /अनुरोध गर्ने ।



३. बन्दाबन्दी (लकडाउन) अवधिभर विदेश, अन्य जिल्ला वा पालिका बाहिरबाट आउने आफना पाहुना तथा नातेदार व्यक्तिलाई आफना घरमा प्रवेश नगर्न नगराउन सम्पुर्ण नगरबासीमा वडामार्फत अनुरोध गर्ने र अत्यावश्यक भई बाहिरबाट मान्छे आउनै पर्ने भएमा होम क्वारेन्टाईन कायम गरी रहन बस्ने व्यवस्था गर्न नगरबासीलाई अनुरोध गर्ने ।

४. मिति २०७६।१२।२४ गतेको निर्णय अनुसार वडामार्फत राहत वितरण रकमको सीमा (सिलिङ्ग) तय गरिएकोमा कुनै वडामा सो सीमा भन्दा बढि खर्च भएको हुँदा वडा समितिबाट निणर्य भई प्राप्त हुन आएको खर्च रकम समर्थन गरी कार्यालयले भुक्तानी दिने । यस्तो रकममा डिस्इन्फेक्ट विषाधि छर्कँदा लागेको खर्च, खाद्य सामग्री लोड, अनलोड, ढुवानी, प्याकेजिंग गर्दा लाग्ने जनशक्ति र सामग्रीको खर्च समेत समावेश गर्ने ।

५.नेपाल साल्ट ट्रेनिंग कम्पनी लि.र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. बाट खाद्य सामग्री उपलब्ध हुन नसकी वडा कार्यालयबाट अन्यत्र पसल फर्मबाट सोझै खरिद गरि कार्यपालिकाको निर्णयको परिधिभित्र रहि खर्च गरिएका कार्यलाई समेत समर्थन गरी सो वापतको खर्च रकम कार्यालयबाट भुक्तानी गर्ने ।

६.यस नगरपालिकामा निम्न व्यक्ति तथा संस्थाहरुबाट नगरपालिकाको कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषमा सहयोग रकम प्राप्त हुन आएकोमा सबै दाता व्यक्ति तथा संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्ने । साथै नगरपालिकाका कुनै वडामा कोरोना व्यवस्थापन वा राहत स्वरुप रकम प्राप्त हुन आएको भएमा वा सो रकम पनि नगरपालिकाको कोषमा जम्मा गरी एकद्धार प्रणालीबाट खर्च गर्ने ।

**देहायः**

(क) प्रभु बैंक,शाखा सुर्खेत बाट रु.१,५०,०००।–

(ख) करैखोला सहकारी वी.न.पा.१३ बाट रु.२५,५२५।–

(ग) एनप्यापसन सुर्खेत बाट रु.१,००,०००।–

(घ) आरन व्यवसायी उदिराम चुनारा वी.न.पा ८ सुर्खेतबाट रु.५,०००।–

(ङ्ग) इसाई समाज सुर्खेत बाट रु.२,१०,५००।–

(च) कृषि तरकारी समूह वी.न.पा ११ बाट रु.१०,१९०।–

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत